नेपाल सरकार
# कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय
सिंहदरबार, काठमाडौं ।

## भाषा अनुवादकहरूको सूची (रोस्टर) तयार गर्ने सम्बन्धमा सूचना

**(प्रकाशित मिति : २०८२।०५।१०)**

पारस्परिक कानूनी सहायता नियमावली, २०७९ को नियम ९ को प्रयोजनका लागि नेपाली भाषाबाट अङ्ग्रेजी र अङ्ग्रेजी भाषाबाट नेपाली भाषा बाहेक अन्य विदेशी भाषाका लिखतहरूलाई नेपाली भाषामा र नेपाली भाषाका लिखतलाई अन्य विदेशी भाषामा अनुवाद गर्न सक्ने दक्ष अनुवादकहरूको सूची (रोस्टर) यस आर्थिक वर्ष २०८२/८३ का लागि तयार गर्नुपर्ने भएकोले इच्छुक आवेदकहरूले (व्यक्ति तथा संस्था) आफूले अनुवाद गर्न सक्ने भाषाको नाम उल्लेख गरी सम्बन्धित भाषामा दक्षता वा ज्ञान भएको पुष्टि हुने प्रमाण समेत संलग्न राखी यो सूचना प्रकाशन भएको मितिले ३० दिनभित्र यस मन्त्रालयको आन्तरिक प्रशासन शाखामा वैयक्तिक विवरण पेस गर्नुहुन यो सूचना प्रकाशन गरिएको छ ।